# बैठक नं. ६

आज मिति २०७८ माघ ०७ गते शुक्रबार दिनको १:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री प्रवीण कोइराला | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. कोरोना भाइरस (कोभिड-१९) रोकथाम र व्यवस्थापन सम्बन्धमा ।

२. विविध ।

**निर्णय नं. १ कोरोना भाइरस (कोभिड-१९) रोकथाम र व्यवस्थापन सम्बन्धमाः** छलफल हुँदा हाल तिब्र रुपमा फैलिरहेको तेस्रो लहरहको कोरोना भाइरस संक्रमण न्यूनिकरण एवं रोकथामको लागि यस गोदावरी नगरपालिका कार्यालयबाट विगतमा भइरहेको क्रियाकलापलाई निरन्तरता दिंदै व्यापक रुपमा एन्टीजेन तथा पि.सि.आर परिक्षणका साथसाथै पहिलो, दोस्रो एवं बुस्टर डोज समेतको खोप अभियानलाई पनि प्रभावकारी रुपमा सञ्चालन गर्ने/गराउने निर्णय गरियो । त्यस्तै गरी कोरोना भाइरस सम्बन्धी जनचेतना तथा प्रचार-प्रसारको अभियान समेतलाई सशक्त ढंगले परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ विविधः**

२.१. आर्थिक वर्ष २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कार्यपालिका बैठकबाट अनुमोदन गरी सार्वजनिक गराउनु पर्ने प्रावधान बमोजिम प्राप्त प्रारम्भिक नतिजालाई आजको बैठकबाट अनुमोदन गर्दै नगरपालिकाको आधिकारिक वेभसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

२.२. मिति २०७७/०९/१७ मा प्रकाशित यस गोदावरी नगरपालिकाको लोगो निर्माण तथा छनौट प्रतिस्पर्धा सम्बन्धी सूचना बमोजिम पेश हुन आएका लोगोहरूमध्ये भीम बहादुर तामाङबाट पेश भएको निर्दिष्ट पहिचान सहितको गोदावरी फुलको अर्ध गोलाकार भित्र बज्रवाराही मन्दिर, गोदावरी कुण्ड, नौधारा एवं फुल्चोकी डाँडा अंकित लोगोलाई स्वीकृत गर्ने निर्णय गरियो ।

२.३. यस नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री निल बहादुर देशारज्यूको पिता श्री जोग बहादुर देशारज्यूको निधनप्रति दिवंगत आत्माको चीर शान्तिको कामना सहित सन्तप्द परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव परित गर्ने निर्णय गरियो ।

# बैठक नं. ७

आज मिति २०७८ फागुन ०८ गते आइतबार दिनको १:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री प्रवीण कोइराला | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. भू-उपयोग, घडेरी तथा वस्ती विकास कार्यविधि-२०७८ सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं. १ भू-उपयोग, घडेरी तथा वस्ती विकास कार्यविधि-२०७८ सम्बन्धमाः** छलफल हुँदा यस गोदावरी नगरपालिकाको **भू-उपयोग, घडेरी तथा वस्ती विकास कार्यविधि-२०७८** आवश्यक परिमार्जन एवं संशोधनको लागि नगर उपप्रमुख श्री मुना अधिकारीज्यूको संयोजकत्वमा तपसिल बमोजिमको ३ सदस्यीय **अध्ययन कार्यदल** गठन गर्ने निर्णय गरियो

**तपसिलः**

नगर उपप्रमुख श्री मुना अधिकारी - संयोजक

कार्यपालिका सदस्य श्री लक्ष्मी बहादुर नगरकोटी - सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री प्रवीण कोइराला - सदस्य सचिव

**निर्णय नं. २ विविधः**

२.१. बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा स्थानीय तहमा समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष २०७९/०८० को लागी देहायका योजनाहरू छनौट गरी पठाउने निर्णय गरियो।

**देहायः**

| **आर्थिक वर्ष २०७९/०८० को लागि विशेष अनुदान (बागमती प्रदेश)** | | |
|---|---|---|
| **क्र.सं.** | **प्रस्तावित योजनाको नाम** | **बजेट रकम** |
| १ | पिछडिएको (ग्रामीण भेग) महिलालाई उत्थान कार्यक्रम | ७,००,००० |
| २ | कोभिडबाट प्रभावित परिवारका बाल बच्चालाई छात्रवृत्ति कार्यक्रम | १०,००,००० |
| ३ | बाढी पहिरो प्रभावित क्षेत्रमा पहिरो नियन्त्रण कार्यक्रम | १०,००,००० |
| | **जम्मा** | **२७,००,०००** |

| **आर्थिक वर्ष २०७९/०८० को लागि समपूरक अनुदान (बागमती प्रदेश)** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **प्रस्तावित योजनाको नाम** | **बजेट रकम** | **बागमती प्रदेश सरकार** | **गोदावरी नगरपालिका** |
| १ | विशंखुनारायण कोटडाँडा हुँदै भन्ज्याङ जाने सडक स्तरोन्ती, गोदवारी नगरपालिका वडा नं. २ | २९२१५५४८।७६ | १४९५७७७४।३८ | १४९५७७७४।३८ |
| २ | ठेचो बुङमती जाने सडक स्तरोन्नती गोदावरी नगरपालिका वडा नं. १२ | २९९९८८७३।७० | १४९९९४३६।८५ | १४९९९४३६।८५ |
| ३ | धापाखेल सिमानाबाट झरुवारासी डाँडागाउँ हुँदै न्यौपानेगाउँ जाने सडक स्तरोन्नती गोदावरी नगरपालिका वडा नं. १३ | २९७६५०९४।८३ | १४८८२५४७।४२ | १४८८२५४७।४२ |
| ४ | लेले मनकामना मन्दिर जाने सडक स्तरोन्नती गोदावरी नगरपालिका वडा नं. ५ | २९९८६५३४।०९ | १४९९३२६७।०५ | १४९९३२६७।०५ |
| ५ | बुद्धपोखरी हवाई विभाग, नपुचा हुँदै झरुवारासी जाने सडक स्तरोन्नती गोदावरी नगरपालिका वडा नं. १२ | २९९९९७४०।८६ | १४९९९८७०।४३ | १४९९९८७०।४३ |
| | **जम्मा** | **१४९६६५७९२।२४** | **७४८३२९८६।१२** | **७४८३२९८६।१२** |

२.२. यस गोदावरी नगरपालिका वडा नं. ९ का वडासमिति सदस्य श्री गमला बिष्टज्यू मिति २०७८/०५/०८ गते स्कुटर दुर्घटनामा परी जावलाखेल स्थित अल्का अस्पतालमा उपचार गराएको र निजको आर्थिक अवस्था कमजोर भएकोले औषधि उपचार सहयोग उपलब्ध गराइदिनु भनी अस्पतालबाट जारी भएको बिल भरपाई सहित वडाकार्यालय वडा नं. ९ बाट प.सं. ०७८/७९ च.नं. ७५२ मिति २०७८/०६/२४ मा सिफारिस भई आएकोले बजेट संकेत नं. ११३ खर्च शीर्षक नं. २७११२ क्र.सं. ९९ **दीर्घ रोगी उपचार अनुदान** उपशीर्षकबाट उपचार सहयोग अनुदान रकम रू.१ लाख उलब्ध गराउने निर्णय गरियो ।

२.३. यस गोदावरी नगरपालिका वडा नं. १४ निवासी दिपेन्द्र श्रेष्ठको आमा विगत केही समयदेखि गम्भिर प्रकारको रोग लागि हाल नर्भिक अस्पतालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था पनि नाजुक रहेको भनी बिरामी आमाको उपचार खर्च सहयोग रकम नगरपालिका कार्यालयबाट उपलब्ध गराइदिनु भनी पेश भएको निवेदन अनुसार निज बिरामीको उपचार सहयोग स्वरुप सम्बन्धित अस्पतालबाट जारी भएको बिल भरपाइको आधारमा आर्थिक वर्ष २०७८/०७९ बजेट संकेत नं. ११३ खर्च शीर्षक नं. २७११२ क्र.सं. ९९ **दीर्घ रोगी उपचार अनुदान** उपशीर्षकबाट रकम रू.१ लाख उपचार सहयोग अनुदान उलब्ध गराउने निर्णय गरियो ।

२.४. यस गोदावरी नगरपालिका वडा नं. ४ स्थित नमुना धार्मिक पर्यटकीय क्षेत्र तपेश्वर धाम निर्माण/स्तरोन्नती/संरक्षणको लागि तयार भई पेश भएको DPR स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण IEE तयार गर्न बजेट संकेत नं. ३३ खर्च शीर्षक नं. २२५२९ क्र.सं. ६०७ विविध कार्यक्रम खर्च उपशीर्षकबाट रकम रू.३ लाख विनियोजन गर्ने समेत निर्णय गरियो ।

२.५. यस गोदावरी नगरपालिका वडा नं. ४ स्थित नमुना धार्मिक पर्यटकीय क्षेत्र तपेश्वर धाम निर्माण/स्तरोन्नती/संरक्षण तथा पर्यपर्यटनको कार्य अगाडि बढाउन नगरपालिकाबाट तयार भएको DPR अनुसार यस गोदावरी नगरपालिका वडा नं. ४ स्थित कुमारी सामुदायिक वन क्षेत्रमा पर्यापर्यटनको कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार राष्ट्रिय वन ऐन २०७६ को दफा २३(१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित नगरपालिकालाई सहमति दिन सक्नेछ भन्ने व्यवस्था बमोजिम उक्त पर्यपर्यटन कार्यक्रम सञ्चालनका लागि वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश समक्ष सहमतिको लागि पत्राचार गर्ने निर्णय गरियो ।

२.६. यस नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागजात प्रमाण पुर्‍याई 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र पाउँ भनी श्री ललितपुर कन्स्ट्रक्सन प्रा.लि.का प्रोप्राइटर सानु डंगोलले यस नगरपालिकामा इजाजतको लागि पेश भएको निवेदन र सम्बन्धित समितिबाट समेत सिफारिस भई आएकोमा योग्यता एवं आवश्यक कागजात पुगेकोले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

२.७. गोदावरी नगरपालिका वडा नं. ५ लेले निवासी उत्तम सिजापतिको घरमा मिति २०७८/०८/२० गते दिनको ११:१५ बजे अचानक बिजुलीको तार सर्ट (Electric Short-Circuit Spark) हुन गई आगलागी हुँदा सम्पूर्ण जिन्सी, नगद तथा अन्य सर-सामानहरू पुरै जलेर नष्ट भएको भनी प्रहरी सर्जमिन घटना मुचुल्चा सहित आवश्यक सहयोग गरिदिनुहुन वडाकार्यालय वडा नं. ५ बाट सिफारिस भई आएकोले सम्बन्धित प्रहरी कार्यालयको तर्फबाट भएको घटना मुचुल्का तथा

वडाकार्यालयको सिफारिसको आधारमा चालु आर्थिक वर्ष २०७८/०७९ बजेट संकेत २३७ खर्च शीर्षक नं. २२२३१ क्र.सं. २ **बिपद् ब्यवस्थापन** उपशीर्षकबाट क्षतिपूर्ति तथा राहत स्वरूप रू.१ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२.८. यस गोदावरी नगरपालिका वडा नं. १३ वडाकार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री शिवहरि के.सी.ले आजैका मितिदेखि अनिवार्य अवकास लिनु भएकोले उक्त वडाकार्यालयमा रहेको रिक्त कार्यालय सहयोगी पदमा सोही वडा निवासी श्री देवकी राउललाई सेवा करारमा नियुक्ती गर्ने निर्णय गरियो ।

# बैठक नं. ८

आज मिति २०७८ फागुन २० गते शुक्रबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री प्रवीण कोइराला | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. नवनिर्मित नगरपालिका कार्यालय भवन उद्घाटन सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं. १ नवनिर्मित नगरपालिका कार्यालय भवन उद्घाटन सम्बन्धमाः** छलफल हुँदा यस गोदावरी नगरपालिकाको नवानिर्मितप्रशासनिक कार्यालय भवनको नगरपालिका स्थापना दिवस फागुन २७ को अवसर पारेर सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूबाट समुद्घाटन गर्ने/गराउने निर्णय गरियो । साथै अघिल्लो कार्यपालिका बैठकबाट स्वीकृत निर्दिष्ट पहिचान सहितको गोदावरी फुलको अर्ध गोलाकार भित्र बज्रवाराही मन्दिर, गोदावरी कुण्ड एवं फुल्चोकी डाँडा अङ्कित लोगोलाई यस गोदावरी नगरपालिकाको आधिकारिक लोगोको रुपमा सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ विविधः**

२.१. आगामी मिति २०७८ फागुन २७ गते आसन्न नगरपालिका दिवसको अवसर पारेर सम्पन्न हुने भनिएको नवनिर्मित कार्यालय भवनको समुद्घाटन तथा लोगो सार्वजनिकीकरण कार्यक्रमको लागि नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको संयोजकत्वमा तपसिल बमोजिमको **मूल समारोह समिति** गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

नगर प्रमुख श्री गजेन्द्र महर्जन - संयोजक
नगर उपप्रमुख श्री मुना अधिकारी - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. १ वडाध्यक्ष श्री हरिहर कार्की - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. २ वडाध्यक्ष श्री देवेन्द्र बस्नेत - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ३ वडाध्यक्ष श्री बालमुकुन्द घिमिरे - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ४ वडाध्यक्ष श्री मुकुन्द बहादुर पहरी - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ५ वडाध्यक्ष श्री मिलन सिल्वाल - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ६ वडाध्यक्ष श्री विष्णुमान महर्जन - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ७ वडाध्यक्ष श्री गिरि प्रसाद तिमिल्सिना - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ८ वडाध्यक्ष श्री सुक बहादुर लामा - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ९ वडाध्यक्ष श्री आत्मराम थापा क्षेत्री - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. १० वडाध्यक्ष श्री दर्शन कुमार बिष्ट - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. ११ वडाध्यक्ष श्री निल बहादुर देशार - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. १२ वडाध्यक्ष श्री जगत बहादुर महर्जन - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. १३ वडाध्यक्ष श्री भाष्कर थापा - सदस्य
कार्यपालिका सदस्य एवं वडा नं. १४ वडाध्यक्ष श्री जगनाथ महर्जन - सदस्य
कार्यपालिक सदस्य श्री सीता तिमिल्सिना - पालिका सदस्य
कार्यपालिकासदस्य श्री लक्ष्मी परियार - सदस्य
कार्यपालिका सदस्य श्री बिन्दु तामाङ - सदस्य
कार्यपालिका सदस्य श्री मीठु परियार - सदस्य
कार्यपालिका सदस्य श्री मैया के.सी. (खत्री)- सदस्य
कार्यपालिका सदस्य श्री मोहनबहादुर नगरकोटी - सदस्य
कार्यपालिका सदस्य श्री सरोज दनुवार - सदस्य
कार्यपालिका सदस्य श्री लक्ष्मी बहादुर नगरकोटी- सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री प्रवीण कोइराला - सदस्य सचिव

त्यस्तै गरी कार्यपालिका सदस्य एवं वडा नं. ५ वडाध्यक्ष श्री मिलन सिल्वालज्यूको संयोजकत्वमा तपसिल बमोजिमको ४ सदस्यीय **कार्यक्रम व्यवस्थापन समिति** समेत गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

कार्यपालिका सदस्य एवं वडा नं. ५ वडाध्यक्ष श्री मिलन सिल्वाल - संयोजक

कार्यपालिका सदस्यश्री लक्ष्मी बहादुर नगरकोटी - सदस्य

लेखा अधिकृत श्री सन्तोष श्रेष्ठ - सदस्य

जिन्सी शाखा सहायक श्री मोहनश्याम महर्जन - सदस्य

२.१. यस गोदावरी नगरपालिकाका सम्पूर्ण जनप्रनिधि एवं नगपालिका तथा मातहतका कार्यालयका कर्मचारीहरुबीच अन्तरक्रिया कार्यक्रम आगामी मिति २०७८ चैत्र १८ गते यसै गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौर स्थित भ्यूटावरमा गर्ने गराउने निर्णय गरियो । साथै उक्त कार्यक्रम बापतको सम्पूर्ण खर्च रकम ८०३३४४०१२१५ **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च** शीर्षक अन्तर्गत बजेट संकेत ३२ खर्च शीर्षक २२७२२ क्र.सं. ८३८ **विविध खर्च** उपशीर्षक आन्तरिक श्रोत बाट व्यहोर्ने समेत निर्णय गरियो ।

२.२. यस गोदावरी नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरूको दर्ता, नविकरण, नियमान र खारेजी तथा व्यवसायहरुको वर्गीकरण सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न साथै करलाई व्यवस्थित गर्न व्यवसाय दर्ता कार्यविधि २०७८ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

२.३. यस नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार काम-काज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजत पाउँ भनी श्री स्मार्ट प्लस कन्ट्रक्सन प्रा.लि.का प्रोप्राइटर साजनमान मुलले यस नगरपालिका कार्यालयमा दिनुभएको निवेदन साथै सम्बन्धित समितिबाट सिफारिस भई योग्यता पुगेकोले 'घ' वर्गको कम्पनी निर्माण व्यवसायी इजाजत-पत्र उपलब्ध गराउने निर्णय गरियो ।

# बैठक नं. ९

आज मिति २०७८ चैत्र ०८ गते मंगलबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सद स्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी अबहादुर नग रकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री प्रवीण कोइराला | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. नव-निर्मित नगरपालिका प्रशासनिक भवन उद्घाटन समारोहको समीक्षा सम्बन्धमा ।

२. धन्यवाद ज्ञापन सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १ नव-निर्मित नगरपालिका प्रशासनिक भवन उद्‌घाटन समारोह समीक्षा सम्बन्धमाः** छलफल हुँदा नगरपालिकाको नव-निर्वित प्रशासकीय भवन सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाद्वारा फागुन २७ गते भएको समुद्‌घाटन कार्यक्रम आशातित रुपमा सम्पन्न भयो ।

**निर्णय नं. २ धन्यवाद ज्ञापन सम्बन्धमाः** छलफल हुँदा नगरपालिकाको नव-निर्वित प्रशासकीय भवन सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाद्वारा फागुन २७ गते भएको समुद्‌घाटन कार्यक्रम अत्यन्त सभ्य र भव्य तवरले सम्पन्न गर्न सहयोग गर्नुहुने मूल समारोह समितिका सम्पूर्ण पदाधिकारी, जनप्रतिनिधिहरू, नगरपालिकाका सम्पूर्ण कर्मचारी, सुरक्षा निकाय, विभिन्न संघ-संस्थाका प्रतिनिधि, पत्रकार लगायत उपस्थित सम्पूर्णमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ विविधः**

३.१. यस गोदावरी नगरपालिका बज्रवाराही, ललितपुर अन्तर्गत रहेको बज्रवाराही चापागाउँ अस्पताललाई नगर अस्पतालमा अपग्रेड गरी १५ शैय्याको अस्पतालबाट ५० शैय्या र २ तल्ला थप हुने गरी गोदावरी नगर अस्पताल निर्माणको विस्तृत परियोजनामा समावेश गर्नेगरी मिति २०७८ फाल्गुण २१ गते सम्पन्न गोदावरी नगर कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा हाल उक्त अस्पताल स्वास्थय तथा जनसंख्या मन्त्रालयको प.सं. २०७८/०७९ च.नं. १४४६ को पत्र तथा नेपाल सरकार मन्त्री परिषद्‌को मिति २०७७/०८/१८ को निर्णय अनुसार वाग्मती प्रदेश सरकार मातहत कायम भइसकेको हुँदा गोदावरी नगरपालिका अन्तर्गत १५ शैय्याको प्राथमिक अस्पताल Block B1 कायम गरी सो को लागि आवश्यक भवन निर्माण तथा बजेट विनियोजन समेतको व्यवस्थापन गरिदिनु हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

३.२. यस गोदावरी नगरपालिका वडा नं. ५ स्थित लेले प्राथमिक स्वास्थ्यकेन्द्रमा कार्यालय सहयोगी पदमा कार्यरत कविता सिलवाल मिति २०७८/१०/१६ गतेबाट राजीनामा स्वीकृत भएकोले रिक्त उक्त कार्यालय सहयोगी पदमा गोदावरी नगरपालिका वडा नं. ९ निवासी सान्नानी बानीयाँलाई अस्पताल व्यवस्थापन समितिको सिफारिस बमोजिम करार सम्झौता गरी काम-काज गराउने निर्णय गरियो ।

३.३. बागमती प्रदेश जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ललितपुर नेपालको पत्रानुसार २५ शैय्याको आयुर्वेद अस्पताल निर्माण/सञ्चालनको लागि रू.१ करोड बजेट विनियोजन भई १२ रोपनी जग्गा उपलब्ध गराइदिन अनुरोध भई आएकोले यस गोदावरी नगरपालिका वडा नं. १३ झरुवारासी स्थित साविक झरुवारासी ५क कित्ता नं. १४९ क्षेत्रफल ९-५-०-० को जग्गा उपयुक्त हुने देखिएको भनी उक्त २५ शैय्याको आयुर्वेद अस्पताल भवन निर्माण तथा सञ्चालनको लागि वडाकार्यालय वडा नं. १३ को वडा समिति बैठकको निर्णय प्रतिलिपि सहित जग्गा उपलब्ध गराउने सम्बन्धमा पत्र समेत प्राप्त भएकोले उपरोक्त जग्गामा सो आयुर्वेद अस्पताल भवन निर्माण तथा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा पत्राचार गरी पठाउने निर्णय गरियो ।

३.४. आर्थिक वर्ष २०७८/०७९ को लागि सडक बोर्ड नेपालबाट सञ्चालन हुने सडक मर्मत सम्भारको लागि यस गोदावरी नगरपालिका अन्तर्गत देहायको सडकखण्ड मर्मत सम्भारको लागि छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिलः**

१. गोदावरी नगरपालिका वडा नं. १२ बेथेगल हुँदै ठेचो हेल्थपोष्ट जाने सडक

३.५. नेपाल सरकार निर्वाचान अयोगद्वारा आगामी मिति २०७९ वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचन सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको काम-कर्तव्य र अधिकारको परिधिमा रही नगर प्रमुख तथा उपप्रमुखले राजीनामा दिएको अवस्थामा नगर प्रमुख तथा उपप्रमुखबाट सम्पादन हुने सम्पूर्ण काम-काज प्रमुख प्रशासकीय अधिकृत र वडाअध्यक्षले राजीनामा दिएको अवस्थामा वडाका जेष्ठ वडासदस्यलाई कार्यवाहक अध्यक्ष मानी वडाअध्यक्षले सम्पादन गर्ने सम्पूर्ण काम-काज गर्ने व्यवस्था मिलाउने एवं वडाका सम्पूर्ण जनप्रतिनिधिहरूले राजीनामा दिएको अवस्थामा निज जनप्रतिनिधिहरूले गर्ने सम्पूर्ण काम-काज पनि वडासचिवले नै गर्ने/गराउने निर्णय गरियो ।

३.६. यस गोदावरी नगरपालिका वडा नं. १४ स्थित बाडेगाउँ प्राथमिक स्वास्थ्य केन्द्रमा बर्थिङ्ग सेन्टर सुचारु गर्न वडाकार्यालयको सिफारिस बमोजिम सोही वडा निवासी जमुना महर्जनलाई मिति २०७८ वैशाख १ गतेदेखि मासिक रू.१०,०००/- मात्र पारिश्रमिक उपलब्ध गराउने गरी करार सम्झौता गरी काम-काजमा लगाउने निर्णय गरियो ।

३.७. यस गोदावरी नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्यसम्पन्न अन्तिम बिल भरपाई बापतको रकम भुक्तानीको लागि निर्माण व्यवसायी श्री Tulshi Bhakta/Dragon JV बानेश्वर काठमाडौंको तर्फबाट निवेदन पेश हुन आएकोले अनुगमन समितिको सिफारिस, प्राविधिक मूल्याङ्कन सहितको कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम रू.६६,४७,७००/- मात्र बजेट संकेत नं. २८९ खर्च शीर्षक नं. ३११११२ क्र.सं. १४४ **नगरपालिका भवन निर्माण निरन्तरता** उपशीर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै उक्त नगरपालिका भवन निर्माण निरन्तरता उपीशीर्षकमा विनियोजित रकम नपुग भएमा नगरस्तीय बजेट संकेत नं. २४२ खर्च शीर्षक नं. २२३१ क्र.सं. ३ **मर्मत सम्भार** उपशीर्षकबाट भुक्तानी दिने समेत निर्णय गरियो ।

३.८. यस गोदावरी नगरपालिका वडा नं. ४ बडिखेल स्थित तपेश्वर महादेव धामको लागि ५५ फिटको महादेवको मुर्ती निर्माणको लागि सदर टिप्पणी आदेश तथा जारी कार्यादेश बमोजिम Ashoka Engineering Consultancy Pvt.Ltd. Dhapakhel-23 Lalitpurद्वारा तयार भई पेश हुन आएको बिस्तृत योजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

३.९. VAKIN (Vattern-0ch Avfaliskompetens I Norr AB),Umea, Sweden र वाटर एड नेपाल, ललितपुरबीच EU-WOP PROGRAMME अन्तर्गत “Godawari VAKIN Water Aid Partnership for Strengthened Institutional WASH Capacity” परियोजनाका लागि भएको MOU र सो परियोजनामा गोदावरी नगरपालिकालाई सोझै प्राप्त हुने बैदेशिक अनुदन सहायताका लागि अन्तर्राष्ट्रिय विकास साझेदारसँग श्रोत सुनिश्चिता गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा आवश्यक प्रक्रियाका लागि पत्राचार गर्ने निर्णय गरियो ।

३.१०. यस नगरपालिकाको महिला तथा बालबालिका शाखामा कार्यरत बाल विकास सहजकर्ता रमा सञ्जेलको करार अवधि २०७९ आषाढ मसान्तसम्म कायम गरी करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।